निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं २ : प्रस्ताव नं.२ माथि छलफल गर्दा तिनाउ गाउँपालिकाको N-Wash प्रणालीमा आधारित खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी योजना (WASH Plan) तयार गर्ने जिम्मेवारी पाएको परामर्शदाता श्री नव किरण नेपाल,तानसेन-३,पाल्पाद्धारा स्थलगत सर्भेक्षण गरि तयार गरेको वास योजनामा समावेश हुने वडागत खानेपानी आयोजनाहरुको विवरण वडा कार्यालयहरुबाट प्राथमिकिकरण गरि प्राप्त भएकोमा गाउँपालिकाले थप आवश्यकता तथा औचित्यताको आधारमा पुनरावलोकन गरि तिनाउ गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी योजना (WASH Plan ) स्विकृत गर्ने र तथ्यांक प्रमाणीकरणको लागि खानेपानी तथा ढल व्यवस्थापन विभागमा पठाउने निर्णय सर्वसम्मत रुपमा गरियो।

निर्णय नं ३ : तिनाउ गाउँपालिकाले ५०% अनुदानमा पाइप वितरण गर्ने प्रयोजनार्थ सार्वजनिक सूचना प्रकाशन गरि निवेदन माग गरेकोमा विनियोजन रकममा देहायबमोजिम हुने गरि बाँडफाँड गरि सो को सिमाभित्र हुने गरि लाभग्राही कायम गरि पाइप वितरण सम्बन्धी कार्य कार्यान्वयन गर्ने सर्वसम्मत रुपमा गरियो।

तपशिलः

| **सि.नं.** | **वडा** | **कायम भएको रकम सिमा रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | १ | ३,२३,०००। | |
| २ | २ | ३,००,०००। | |
| ३ | ३ | १,५६,०००। | |
| ४ | ४ | २,५०,०००। | |
| ५ | ५ | ३,००,०००। | |
| ६ | ६ | १,७१,०००। | |
| **जम्मा** | | **१५,००,०००।** | |

निर्णय नं ४ : प्रस्ताव नं.४ माथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियो।

क. तिनाउ गाउँपालिकामा सञ्चालित समृद्धिका लागि वन परियोजना अन्तर्गत निजी तथा सार्वजनिक जग्गामा वृक्षारोपण कार्यक्रममा समुदायलाई प्रोत्साहन गर्न आवश्यक रहेकोले पालिकाको बार्षिक कार्यक्रम तथा बजेट विवरणको कम्पोनेन्ट २ मा रहेको रकमलाइ देहायबमोजिम हुने गरि संशोधन तथा कायम गर्ने।

देहायः

| **कम्पोनेन्ट २: समुदायमा आधारित दिगो वन व्यवस्थापन तथा साना किसानको लागि वृक्षरोपण** | | | | | | |
|---|---|---|---|---|---|---|
| **सिन** | **प्रस्तावित क्रियाकलाप** | लक्ष्य | प्रस्तावित लक्ष्य | प्रस्तावित बजेट | दोश्रो र तेश्रो किस्ता | जम्मा बजेट माग |
| १ | निजी वन वृक्षरोपणका लागि अनुदान | १६ हे | १२ हे | १२०००00 | २५0000 | १४५0000 |
| २ | सार्वजनिक जग्गामा वृक्षरोपणका लागि अनुदान | १४.८ हे | ८ हे | ९00000 | ५0000 | ९५0000 |
| ३ | बिरुवा खरिद | ** | १ पटक | ** | ** | ३00000 |
| ४ | सार्वजनिक जग्गाको संरक्षण | ** | १ पटक | ** | ** | ७00000 |
| ५ | संभावित वृक्षरोपण योग्य जग्गा पहिचान | ** | १ पटक | ** | ** | ४0000 |
| ६ | अनुगमन तथा मुल्याङ्कन | ** | १ पटक | ** | ** | ६0000 |
| | जम्मा | | | | | ३५00000 |
| | | | | | | |

ख. तिनाउ गाउँपालिका वडा नं ६ स्थित डुम्रे मस्याम हटिया पुग्दी मोटरबाटो खण्डको भैंसीकट्टा मस्याम हटिया जाने बाटोको झिरुवास आँप घुम्टी देखि सालघारी काभ्रे गैरा सम्म गत बर्ष सडक स्तरोन्नती गरेको र बर्षातको समयमा विभिन्न ठाँउमा पहिरो झरी आवतजावतमा कठिनाइ भएको र नजिकै उक्त पहिरो हटाइ माटो फाल्ने स्थान नभएकोले अवलोकन गरि बाहिर निकासीको लागि आवश्यक प्रकृयाको लागि ६ नं. वडा कार्यालयको प्राप्त सिफारिस बमोजिम नियमानुसार वडाबाट प्रत्येक पटक राजस्व रसिद जारी गरि आवश्यक प्रकृया अगाडी बढाउने।

ग. तिनाउ गाउँपालिका वडा नं २ नुवाकोट मा अवस्थित नुवाकोट सांस्कृतिक डबली प्रदेश सरकारले निर्माण गरि उक्त डबली सञ्चालन तथा व्यवस्थापनको लागि तिनाउ गाउँपालिकालाई हस्तान्तरण गर्ने निर्णय भए अनुरुप यथास्थतिमा उक्त सांस्कृतिक डबली ग्रहण गर्ने तथा सो को मर्मत सम्भारको लागि लागत अनुमान तयार गरि प्रदेश सरकार सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने।